बैठक नं.	:	१०६
बैठकको बिषय	:	कार्यपालिकाको नियमित बैठक
मिति	:	२०८३/०६/१८
अध्यक्षता	:	श्री काली बहादुर शाही
स्थान	:	जगन्नाथ गाउँपालिकाको कार्यालय, जुड्डी, बाजुरा

उपस्थिति:

पद	नाम	कार्यालय पद	हस्ताक्षर
अध्यक्ष	श्री काली बहादुर शाही	अध्यक्ष	
उपाध्यक्ष	श्री मरुकला बिष्ट	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री गणेशराज गिरी	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री धनबिर सार्की	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री रमेश बहादुर शाही	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री छक्क भण्डारी	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री गौरी सार्की	कार्यपालिका सदस्य	
वडा अध्यक्ष	श्री धन बहादुर सार्की	कार्यपालिका सदस्य	
कार्यपालिकामा मनोनित सदस्य	श्री नरिभान दमाई	कार्यपालिका सदस्य	
कार्यपालिकामा मनोनित सदस्य	श्री कर्णबिर नेपाली	कार्यपालिका सदस्य	
महिला सदस्य	श्री रेशा कामी	कार्यपालिका सदस्य	
दलित महिला सदस्य	श्री जनकला लोहार	कार्यपालिका सदस्य	
महिला सदस्य	श्री अजमा देवी शाही	कार्यपालिका सदस्य	
महिला सदस्य	श्री कन्न देवी शाही	कार्यपालिका सदस्य	
प्र.प्र.अधिकृत	श्री नारायण पन्थी	सचिव	

प्रस्तावहरू :

प्रस्ताव नं.	प्रस्तावहरू
१	दशै, तिहार र छडको शुभकामना ।
२	लिटिल स्टार बोर्डिङ्ग स्कुलको इमिस (IEMiS) अपडेट गर्ने सम्बन्धमा ।
३	योजना संशोधन सम्बन्धमा ।
४	कम्पुटर शिक्षक थप गर्ने सम्बन्धमा ।
५	कर्मचारीको १० प्रतिशत तलब बृद्धी सम्बन्धमा ।
६	ठेक्काको सूचना प्रकाशित गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णयहरु	निर्णयहरु
निर्णय नं १	वि.स. २०८३ सालको विजयादशमी, दिपावली र छड पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने आमा,बुबा, दाजुभाई र दिदिबहिनी तथा कर्मचारी परिवारमा सु-स्वास्थ तथा दिर्गायुको शुभकामना दिने निर्णय गरियो ।
निर्णय नं २	जगन्नाथ गाउँपालिका वडा १, पिलुचौर स्थित लिटिलस्टार एकेडमी बोर्डिङ्ग स्कुल शैक्षिक शत्र २०८१।८२ मा विविध कारणले संञ्चालन हुन नसकेको र पुन: शैक्षिक शत्र २०८३ मा संञ्चालनमा आएको र विद्यालयले इमिस (IEMiS) अपडेट गरिदिनका लागि निवेदन पेश गरेको हुनाले उक्त विद्यालयको इमिस (IEMiS) र पासवर्ड उपलब्ध गराउनका लागि शिक्षा विभाग सानोठिमी, भक्तपुरलाई पत्राचार गर्ने निर्णय गरियो ।
निर्णय नं ३	जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा, अठारौ अधिवेशनमा आर्थिक बर्ष २०८३।८४ को बजेटमा महादेव मा. वि. को घेरबार निर्माण वडा नं ३ (शिर्षक नं ३११५९) मा बजेट विनियोजन भएकोमा उक्त शिर्षक संशोधन गरी महादेव मा. वि.को नाममा जग्गा खरिद गर्ने निर्णय गरियो ।
निर्णय नं ४	जगन्नाथ गाउँपालिका वडा नं ४, स्थित मालिका आधारभुत विद्यालय नाराकोट र वडा नं ६, स्थित सरस्वती आधारभूत विद्यालय कोटगोत्रीबाट कम्पुटर शिक्षक मागका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालयको पत्र र शिक्षा युवा तथा खेलकुद विकास शाखाको सिफारिसमा उक्त विद्यालयलाई कम्पुटर शिक्षक भर्नाका लागि अनुमति दिने र वडा नं २, स्थित वालविकास मा. वि. हुनी र वडा नं ३, स्थित महादेव मा. वि.मा विद्यालय लेखापाल भर्नाका लागि अनुमति दिने र उनिहरुको मासिक तलव मागका लागि शिक्षा विभाग सानोठिमी, भक्तपुरलाई पत्राचार गर्ने निर्णय गरियो । साथै वडा नं ५, स्थित देवलकोट मा.वि. मा कक्षा ११ र १२ को नेपाली बिषयको दरबन्दी सृजना गरि शिक्षक भर्नाका लागि अनुमति दिने निर्णय गरियो ।

निर्णयहरु	निर्णयहरु
निर्णय नं ५	नेपाल सरकारले आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रम र बार्षिक बजेटमा राष्ट्रसेवक कर्मचारीहरुको १० प्रतिशत तलव बृद्धि गरेको रकम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (LMBIS) मा बृद्धि बजेट प्राप्त नभएको हुनाले बृद्धि भएको रकम संघीय सरकारका तालुक मन्त्रालयमा माग गर्ने र तत्कालका लागि अपुग रकम गाउँपालिकाबाट भुक्तानी गर्ने र संघीय सरकारबाट प्राप्त भएमा पालिकाको श्रोतमा सोधभर्ना गर्ने निर्णय गरियो । गाउँपालिकामा कार्यरत विद्यालय कर्मचारी, वालविकास सहजकर्ता र गाउँपालिका शिक्षकको मिति २०८३ श्रावण १ गतेबाट लागुहुनेगरी आधारभूत तलव कायम गर्ने निर्णय गरियो **तपशिल** १. मा. वि. गाउँपालिका शिक्षकको मासिक रु ३१,०००। २. निमावि गाउँपालिका शिक्षकको मासिक रु २६,०००। ३. प्रा. वि. गाउँपालिका शिक्षकको मासिक रु २४,०००। ४. विद्यालय लेखापालको मासिक रु २७,०००। (गाउँपालिकाबाट थप रु ६,५००।समेत गरेर) ६.वालविकास सहजर्कतको मासिक रु २२,०००। (गाउँपालिकाबाट थप रु ५,०००। समेत गरेर) ७. कार्यालय सहयोगीको मासिक रु २१,०००। (गाउँपालिकाबाट थप रु ६,०००। समेत गरेर)
निर्णय नं ६	जगन्नाथ गाउँपालिकामा आर्थिक बर्ष २०८३।८४ मा ठेक्का प्रक्रिया मार्फत निर्माण हुने भौतिक पुर्वाधारका योजनाहरुको दशै र तिहारको बिचमा ठेक्काको सूचना आह्वान गर्ने निर्णय गरियो ।